प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा/प्रमाणपत्र तहको परीक्षा केन्द्र कायम गरिएको सम्बन्धी

## अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति: २०८३।०१।२८ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयको मिति २०८३।०१।०४ गते प्रकाशित डिप्लोमा/प्रमाणपत्र तहको परीक्षा आवेदन फाराम भर्ने अत्यन्त जरुरी सूचना बमोजिम परिषद्का आंगिक शिक्षालयहरुमा २०८० साल बैशाख महिनामा भर्ना भई डिप्लोमा/प्रमाणपत्र तहको सेमेष्टर परीक्षा प्रणालीका प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत डिप्लोमा इन एग्रिकल्चर(प्लान्ट साइन्स र एनिमल साइन्स), डिप्लोमा इन सिभिल, बायोमेडिकल, सिभिल (स्पेशलाइजेशन इन हाइड्रोपावर) र जियोमेटिक्स इन्जिनियरिङ्ग कार्यक्रम प्रथम वर्ष दोस्रो खण्ड आंशिक, दोस्रो बर्ष दोस्रो खण्ड आंशिक र तेस्रो बर्ष दोस्रो खण्डको नियमित तर्फका परीक्षार्थीहरु तथा **डिप्लोमा इन बायोमेडिकल इक्यूप्मेण्ट इन्जिनियरिङ (DBMEE)** कार्यक्रम प्रथम वर्ष प्रथम खण्डको नियमित/आंशिक र द्वितीय वर्ष प्रथम खण्डको नियमित/आंशिक परीक्षाहरु मिति २०८३।०१।१५ गते प्रकाशित परीक्षा तालिका बमोजिम सम्वन्धित परिषद्, प्रदेश कार्यालयको सिफारिशमा मिति २०८३।०२।०४ गते बिहान ७:०० बजे देखि संचालन हुने परीक्षाहरुको लागि देहाय बमोजिम परीक्षा केन्द्रहरु कायम गरिएको व्यहोरा मिति २०८३।०१।२८ गतेको निर्णयानुसार अनुरोध छ ।

| S.N. | District | Center No. | Exam Center | Institute Name |
|---|---|---|---|---|
| **Madhesh Province** | | | | |
| 1 | Siraha | 2-16-03 | Lahan Technical School, Lahan, Siraha<br>(लहान प्राविधिक शिक्षालय) | Lahan Technical School, Lahan, Siraha |
| 2 | Rautahat | 2-31-03 | Jay Kisan Polytechnic Institute<br>(जय किसान बहुप्राविधिक शिक्षालय) | Jay Kisan Polytechnic Institute, Dharahari, Rautahat |
| **Bagmati Province** | | | | |
| 1 | Kathmandu | 3-27-06 | Balaju School of Engineering and Technology Balaju, Kathmandu<br>(बालाजु स्कुल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाडौं) | Balaju School of Engineering and Technology, Balaju, Kathmandu<br>National Health Training Center, Teku, Kathmandu |
| 2 | Chitwan | 3-35-04 | Narayani Polytechnic Institute, Bharatpur Chitwan<br>(नारायणी बहुप्राविधिक शिक्षालय, भरतपुर चितवन) | Narayani Polytechnic Institute, Bharatpur, Chitwan |
| **Gandaki Province** | | | | |
| 1 | Gorkha | 4-36-03 | Gorkha Polytechnic Institute<br>(श्री गोरखा बहुप्रबिधिक शिक्षालय) | Gorkha Polytechnic Institute, Palungtar , Gorkha |
| **Karnali Province** | | | | |
| 1 | Jumla | 6-63-02 | Karnali Technical School<br>(कर्णाली प्राविधिक शिक्षालय) | Karnali Technical School, Jumla |
| **Sudurpaschim Province** | | | | |
| 1 | Kailali | 7-69-02 | Tikapur Polytechnic Institute<br>(टिकापुर बहु प्राबिधिक शिक्षालय) | Tikapur Polytechnic Institute, Tikapur, Kailali |
| 2 | Kanchanpur | 7-75-04 | Shuklaphanta Polytechnical Institute<br>(शुक्लाफाँटा बहु प्राविधिक शिक्षालय) | Shuklaphata Polytechnic Institute, Jhalari, Kanchanpur |

१. उपरोक्त कार्यक्रम अनुसार परीक्षामा अनुपस्थित हुने/छाड्ने परीक्षार्थीहरुका लागि पुन: अर्को व्यवस्था गरिने छैन ।

२. प्रयोगात्मक परीक्षा तालिका शिक्षण संस्थाहरुले तयार गरी परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरु संग समन्वय गरी संचालन गर्नुपर्नेछ ।

३. पाठ्यक्रममा प्रयोगात्मक मात्र भनी उल्लेख भएका विषयहरुको प्रयोगात्मक परीक्षा सम्वन्धित शिक्षण संस्थाहरुमा नै संचालन हुने हुंदा सो सम्वन्धी आवश्यक व्यवस्था समेत सम्वन्धित शिक्षण संस्था आफैंले गर्नुपर्ने छ ।

४. लग, टेबलसिट वा कोडबुक चेक गराएर मात्र परीक्षा हल भित्र लैजान पाइने छ ।

५. परिषद् कार्यालयको पूर्व सूचना विना कुनै अप्रत्याशित विदा पर्न आएमा पनि परीक्षा स्थगित गरिने छैन ।

६. आन्तरिक परीक्षामा अनुत्तीर्ण भएको परीक्षार्थी वाह्यमुल्यांकनको अन्तिम परीक्षामा समावेश हुन पाउने छैन र यदि समावेश भएमा निजको परीक्षा स्वतः रद्द हुनेछ ।

७. आवेदन फाराम भर्ने बारेको सूचनामा उल्लेख गरिएको शैक्षिक शत्र बाहेकका रजिष्ट्रेशन भएका परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी परीक्षामा समावेश भएमा समेत उक्त परीक्षा स्वतः रद्ध हुनेछ ।

८. परीक्षा तालीकामा कुनै बिषय छुटेमा, दोहोरिएमा वा त्रुटी भएमा १ हप्ता भित्र परीक्षा नियन्त्रण कार्यालयमा सम्पर्क गर्नुपर्नेछ ।

९. तोकिएको परीक्षा केन्द्र बाहेक अन्य केन्द्रबाट परीक्षा दिएमा उक्त परीक्षा स्वतः रद्ध हुनेछ ।

१०. मोवाइल फोन, स्मार्ट वाच, डिजिटल डायरी जस्ता बिद्युतीय उपकरणहरु परीक्षा भवनभित्र साथमा लिइ जान पाइने छैन । अन्यथा केन्द्राध्यक्षले त्यस्ता सामान जफत गर्न सक्नेछ ।

**परीक्षा नियन्त्रक**